जि.प्र.का.द. नं.: १०४४ स.क.प.आ. नं. २२६४५

# साझेदारी वन उपभोक्ता महासंघ नेपाल
# Association of Collaborative Forest Users, Nepal (ACOFUN)

## केन्द्रिय कार्य समिति

प. सं. :
च. नं. :

मिति:..२०७७ जेठ १७...

## प्रेस विज्ञप्ती

नेपाल सरकार मन्त्री परिषदको मिति २०७७/२/१५ गते भएको "नेपाल भित्रको सम्पुर्ण वन क्षेत्रमा साल लगायतका विभिन्न रुखहरु कटान गर्ने, संकलन, ढुवानी र ओसारपसार गर्ने कार्य तत्कालै रोक्ने र कटान भएका साल लगायतका रुख, गोलिया जहाँ जुन अवस्थामा छन् त्यसलाई सोही अवस्थामा राख्ने" भन्ने निर्णय प्रति साझेदारी वन उपभोक्ता महासंघ, नेपालको गम्भिर ध्यानाआकर्षण भएको छ ।

नेपाल सरकारसँग साझेदारी गर्दै वनको संरक्षण, व्यवस्थापन र सदुपयोग गर्न विभिन्न वन क्षेत्रमा सरकारद्धारा लागु गरिएको वैज्ञानिक वन व्यवस्थापन मार्फत वनको दिगो व्यवस्थापन गदै आएका साझेदारी वनहरु सरकारको यस निर्णयबाट संशकित बनेका छन् । नेपालको वन व्यवस्थापन गरेर काठ दाउराको सहज आपुर्ति गर्ने, रोजगारी श्रृजना गर्ने एंव मुलुक भित्रको सम्पत्ति विदेश जानबाट रोक्न आफ्नै उत्पादन प्रवर्धन गर्न सरकारको यस निर्णयले रोक्दा सरकारको 'समृद्धिका लागि वन' भन्ने नारा समेत सफल नहुने देखिन्छ ।

यसैगरी, कतिपय वन क्षेत्रमा कटानी-मुछानी कार्यको साथमा घाटगद्धी गर्ने तयारी भई रहेको बेला वन कटानी सहित सम्पुर्ण कार्य रोकिदिदा वनमा कटान भएका काठ दाउरा चोरी हुन सक्ने, सुरक्षाको अभावमा गल्ने-सढ्ने सम्भावना समेत देखिएको छ। सरकारको यस निर्णयले नेपाल सरकार संघियता कार्यान्वयनमा समेत तत्पर नरहेको देखिन्छ । संविधान तथा वन ऐन (२०७६) ले वनको व्यवस्थापनको सर्न्दभमा प्रदेश सरकारलाई भुमिका दिएको सम्बन्धमा सो व्यवस्थाको बर्खिलाप गदै संघिय सरकारबाट यस्तो निर्णय हुनु कानुन विपरित देखिन्छ ।

नेपाल सरकारको यस निर्णयले सरकारले हालै सार्वजनिक गरेको बजेट तथा कार्यक्रम समेतलाई कार्यान्वयनबाट रोक लगाएको छ । सरकारले वैज्ञानिक वन व्यवस्थापन लगायत कार्यबाट समृद्धिको परिकल्पना गरेतापनि यस्तो निर्णयले समृद्धि प्राप्त नहुने निश्चित छ । सरकारबाट भएको यस निर्णय संविधान, वन ऐन, सरकारको नीति तथा कार्यक्रम समेतको विरुद्धमा भएकोले तत्काल निर्णय खारेज गरी वन व्यवस्थापन कार्य अगाडि बढाउन नेपाल सरकारसँग यस महासंघ जोडदार माग गर्दछ । यदि यस्तो गलत निर्णय नसच्याई वन क्षेत्रमा कुनै हानी नोक्सानी भए नेपाल सरकार स्वंय उत्तरदायी र जवाफदेही हुनुपर्ने छ । यस कार्यको लागि वन प्रशासन तथा वन क्षेत्रको नेतृत्व गर्ने वन मन्त्री, सचिव तथा समग्र वन प्रशासन समेतको ध्यानाकर्षणको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

(रामरुप प्रसाद कुर्मी)
अध्यक्ष